# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ८) भिमाद पौष २७ गते, २०८१ साल (संख्या १३)

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### भिमाद नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को संशोधन ऐन, २०८१

**प्रस्तावनाः** भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ देखि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भिमाद नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भिमाद नगरपालिकाको आर्थिक ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१" रहेको छ।

(२)यो ऐन नगर सभावाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२. **मूल ऐनको दफा ५मा संशोधन**-मूल ऐनको दफा ५संग सम्बन्धी अनुसूची-४ मा कर शीर्षक थप गरिएको छ ।

३. **<u>मूल ऐनको दफा १९मा संशोधन</u>**-मूल ऐनको दफा १९ दफा संग सम्बन्धी अनुसूची-१८ मा कर शीर्षक थप गरिएको छ ।

## व्यवसाय कर

## अनुसूची-४

| सि.नं. | व्यवसायको विवरण | दर (रु.) | एकाइ | | कैफियत |
|---|---|---|---|---|---|
| १. | घ वर्गको निर्माण व्यवसायी दर्ता | २००० प्रतिवर्ष | | | |
| २. | प्लम्बीङ पसल/सेवा | २००० | | | |
| ३. | ह्युम पाईप उद्योग | २००० | | | |
| ४. | ग्यास सप्लायर्स | २००० | | | |
| ५. | हेल्मेट पसल | २००० | | | |
| ६. | मिठाई पसल/ मिष्ठान्न भण्डार | १००० | | | |
| ७. | कुरियर सेवा | २००० | | | |
| ८. | स्टिकर हाउस( सवारी साधन स्टिकर हाउस) | १००० | | | |
| ९. | अनलाइन सपिङ कम्पनी सुचिकृत प्रत्यक्ष वस्तु विक्री कम्पनी सुचिकृत | २००० | | | |

## सेवा शुल्क दस्तुर

## अनुसुची-१८

| सि.नं. | कर सूची | विवरण | एकाइ | दररेट रू.मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | मृत्यु प्रमाणित | | | ५०० | |
| २. | जग्गा धनि दर्ता प्रमाणपुर्जा हराएको (प्रतिलिपि) | | | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | खानेपानी संस्था सिफारिस | | | २०० | |
| ४. | नेपाली वा अंग्रेजी ( कर चुक्ता प्रमाणित) tax clearance | | | १००० | |
| ५. | ठेगाना प्रमाणित | | | ५०० | |
| ६. | जनजाती , दलित,खस आर्य प्रमाणित | | | ५०० | |
| ७. | डोजर इजाजत शुल्क | | प्रति घण्टा | रु ५० | दिनमा ८ घण्टा कायम गर्ने |
| ८. | घर प्रमाणित | | | | |
| | क)१तला पक्की घरको | | | ५०० | |
| | ख)२ तला पक्की घरको | | | ७०० | |
| **सि.नं.** | **कर सूची** | **विवरण** | **एकाइ** | **दररेट रू.मा** | **कैफियत** |
| | ग)३ तला पक्की घरको | | | ९०० | |
| | घ)४ तला भन्दा माथी | | | १२०० | |
| | ङ)५ तला वा सो भन्दा माथी | | | १५०० | |
| ९. | स्वदेशी सम्पत्ति मुल्याङ्कन सिफारिस एवं आयश्रोत निर्धारण | | | | |
| | क)१० लाख सम्म | | | १००० | |
| | ख)२० लाख सम्म | | | ३००० | |
| | ग) २० लाख भन्दा माथि / प्रति हजार | | प्रति हजार | ०.७५ | |

आज्ञाले

प्रमाणिकरण मितिः २०८१/०९/२७

कमल प्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ४०